नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, असोज २३ गते, २०७५ साल (संख्या ३३

भाग ३

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (चौथो संशोधन) नियमावली,२०७५

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली, २०५१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यी नियमहरुको नाम "प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (चौथो संशोधन) नियमावली, २०७५" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली, २०५१ को नियम २० मा संशोधनः** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली, २०५१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २० को उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः—

"(४) उपनियम (३) बमोजिमको अवधिभित्र धरौटी रकम जम्मा नगर्ने संस्थाले उपनियम (१) बमोजिम नपुग हुने धरौटी रकम र सो रकम बराबरको विलम्ब दस्तुर एक पटकका लागि परिषद्ले तोकेको अवधिभित्र परिषद्मा जम्मा गर्नु पर्नेछ।"

३. **मुल नियमावलीको नियम २२ मा संशोधनः** मुल नियमावलीको नियम २२ को उपनियम (१क) को सट्टा देहायको उपनियम (१क) राखिएको छः—

"(१क) कुनै संस्थाले नियम २० को उपनियम (४) बमोजिमको अवधिभित्र नपुग धरौटी रकम र विलम्ब दस्तुर परिषद्मा जम्मा नगरेमा परिषद्ले त्यस्तो संस्थाको स्वीकृति रद्द गरी सोको सूचना सार्वजनिक गर्नु पर्नेछ।"

आज्ञाले,
खगराज बराल
नेपाल सरकारको सचिव